नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
# कार्यक्रम कार्यान्वयन एकाइ
सिन्धुली

प.सं. २०८२/०८३
च.नं.

मिति २०८२/०९/०४

## करार सेवामा नायव प्राविधिक सहायक पदपुर्ति सम्बन्धी सूचना

**सूचना नं:.१४**

**पहिलो पटक प्रकाशित मिति (२०८२/०९/०४)**

उपर्युक्त विषयमा कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुलीमा रिक्त रहेको नायव प्राविधिक सहायक ना.प्रा.स. पदमा करार सेवामा १(एक) जना पदपूर्ति गर्नुपर्ने भएकोले लोक सेवा आयोग/प्रदेश लोक सेवा आयोगहरुले आ.व.२०८१/०८२ र आ.व. २०८२/०८३ मा नेपाल कृषि सेवा, रा.प.अनं.द्धि.प्रा. वा सो सरहका पदमा स्थायी पदपूर्तिका लागि लिईएका परीक्षाहरुबाट सिफारिस गर्ने क्रममा वैकल्पिक तथा अस्थायी योग्यताक्रम सूचीमा रहेका उम्मेदवारहरुले यस कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुलीमा करार सेवामा काम गर्न इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिनभित्र कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुलीमा आवश्यक कागजातहरु संलग्न राखी निवेदन पेश गर्नुहुन सम्बन्धीत सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

- सेवा सुविधा, तलव सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ र विदा लगायत अन्य सुविधाहरु सम्झौता अनुसार हुनेछ ।
- कार्यक्षेत्र - यस कार्यक्रम कार्यान्वयन एकाइको कार्यक्षेत्रहरुमा काम गर्नुपर्नेछ ।
- सेवा अवधि- स्वीकृत स्थायी/करार दरबन्दीमा नेपाल सरकारले स्थायी कर्मचारीको पदस्थापना वा सरुवा भई नआएमा करार सम्झौता गरेको ६(छ) महिनासम्म सेवा अवधि हुने र कर्मचारीको कार्यसम्पादन सन्तोषजनक भएमा एकाइको निर्णयानुसार आवश्यकता बमोजिम स्वीकृत बजेटको परिधिभित्र रहि करार अवधि थप गर्न सकिनेछ ।
- निवेदक उम्मेदवारहरुको कुनै शर्त सहितको सम्झौता स्वीकार गरिने छैन साथै कुनै निवेदक उम्मेदवार हरुलाई सम्झौता गर्ने वा नगर्ने अधिकार परियोजना कार्यान्वयन एकाइ सिन्धुलीमा निहित हुनेछ ।

### निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु

- निवेदन रु.१०(दश) को टिकट टाँस गरी।
- निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- लोक सेवा आयोग/प्रदेश लोकसेवा आयोगहरुबाट आ.व.२०८१/०८२ र आ.व. २०८२/०८३ मा नेपाल कृषि सेवा, रा.प.अनं.द्धि.प्रा. वा सो सरहका पदमा स्थायी पदपुर्तिका लागि लिइएका परीक्षाहरुबाट सिफारिस गर्ने क्रममा रहेको निवेदक उम्मेदवारको नाम/थर भएको वैकल्पिक तथा अस्थायी योग्यताक्रमको सूची र परीक्षा प्रवेश पत्रको छायाँप्रति ।

नोट - यो सूचना कार्यालयको वेबसाइट piusindhuli.pmamp.gov.npमा र कार्यालयको सूचना पाटीमा समेत उपलब्ध छ ।

**थप जानकारीको लागि**

कार्यक्रम कार्यान्वयन एकाइ सिन्धुलीको फोन नं. ०४७-५९०४८७ एकाइको सूचना अधिकारी श्री विनय वावु कोइराला (सम्पर्क नम्बरः ९८५४०४२५०९ लाई सम्पर्क गर्न सकिनेछ ।

प्रदीप ठाकुर वरही
(वरिष्ठ कृषि अधिकृत)

इमेलः pmamp.piu.sindhuli1@gmail.com
वेवसाइटः piusindhuli.pmamp.gov.np,
फोन नं.: ०४७-५९०४८७